## पुनर्स्थापना सेवाहरू

## *Rehabilitation Services*

**उद्देश्यहरू**

- अशक्तता भएका व्यक्तिहरूलाई उनीहरूको शारीरिक, मानसिक तथा सामाजिक क्षमताहरूलाई पूर्ण स्तरमा विकास गरेर र समुदायमा उनीहरूको एकतालाई प्रवर्द्धन गरेर समाजको पूर्ण सदस्य बन्न सहायता गर्ने।

- सामाजिक कल्याण विभाग (SWD) र गैर-सरकारी संस्थाहरू (NGO हरू) ले प्रि-स्कूल पुनर्स्थापना सेवाहरू; व्यावसायिक पुनर्स्थापना सेवाहरू; निवासीय स्याहार तथा दिवा स्याहार र सामुदायिक सहायता सहित धेरै प्रकारका पुनर्स्थापना सेवाहरू उपलब्ध गराउँछन्।

**Objectives**

- To assist persons with disabilities to be full members of the community by developing their physical, mental and social capabilities to the fullest extent and by promoting their integration into the community

- Social Welfare Department (SWD) and non-governmental organisations (NGOs) provide a wide range of rehabilitation services including Pre-school Rehabilitation Services; Vocational Rehabilitation Services; Residential Care; and Day Care and Community Support.

**सेवाका क्षेत्रहरू**

**Scope of Services**

- **प्रि-स्कूल पुनर्स्थापना सेवाहरू**

  अहिलेसम्म प्राथमिक विद्याल जान सुरु नगरेका जन्मदेखि छ वर्षसम्मका अशक्तता भएका वा अशक्तता हुने जोखिम भएका बालबालिकाहरूलाई अगाडि नै हस्तक्षेप गरी उनीहरूको शारीरिक, मनोवैज्ञानिक र सामाजिक विकासहरू बढावा दिएर साधारण विद्यालयहरूमा सहभागी हुने उनीहरूको अवसर र दैनिक जीवनका गतिविधिलाई सुधार गर्ने र उनीहरूको परिवारलाई उनीहरूको विशेष आवश्यकताका हकमा सहायता गर्ने।

  **Pre-school Rehabilitation Services**

  To provide children, from birth to under the age of six who have not yet started primary schooling, with disabilities or at risk of becoming disabled with early intervention to enhance their physical, psychological and social developments, thereby improving their opportunities for participating in ordinary schools and daily life activities and helping their families meet their special needs.

- **व्यवसायिक पुनर्स्थापना सेवाहरू**
  अशक्तता भएका व्यक्तिहरूको कार्य क्षमतालाई बढाउने र उनीहरूलाई उपयुक्त रोजगारीमा सुरक्षित हुन, कायम राख्न र अगाडि बढ्न सक्षम गराउने र समुदायमा थप एकीकृत गराउने।

  **Vocational Rehabilitation Services**
  To enhance the working capacity of persons with disabilities, and to enable them to secure, retain and advance in suitable employment and thereby to further integrate into the community.

- **निवासीय स्याहार**
  स्वतन्त्र रूपमा बाँच्न नसक्ने र आफ्नो परिवारले पर्याप्त मात्रामा हेरचाह गर्न नसक्ने अशक्तता भएका व्यक्तिहरूलाई उनीहरूको जीवनको गुणस्तरमा सुधार होस् र उनीहरूलाई स्वन्त्र जीवनयापनका सीपहरूको विकासमा सहायता होस् भन्ने दृष्टिकोणका साथ, उपयुक्त निवासीय स्याहार र आवश्यक तालिम तथा सहायता सेवाहरू उपलब्ध गराउने।

  **Residential Care**
  To provide appropriate residential care and necessary training and support services for those persons with disabilities who cannot live independently and those who cannot be adequately cared for by their families, with a view to improving their quality of life and helping them develop independent living skills.

- **दिवा स्याहार तथा सामुदायिक सहायता**
  अशक्तता भएका मानिसहरूलाई उनीहरूको सम्भावना विकास गर्न र सहयोग गर्न, घरमा स्वतन्त्र रूपमा बस्न जारी राख्न सक्षम बनाउन र समुदायमा पूर्ण रूपमा एकीकृत गराउनका लागि तयारी गर्न उनीहरूको आवश्यकता अनुरूपका प्रशिक्षण र सेवा उपलब्ध गरारउने। यी सेवाहरूको उद्देश्य हेरचाह गर्नेहरूको हेरचाह गर्ने क्षमता बढाउनु र उनीहरूको तनाव हटाउनु पनि हो ताकिअशक्तता भएका व्यक्त र उनीहरूको आफ्नो जीवनको गुणस्तर अझ राम्रो होस्।

  **Day Care and Community Support**
  To make available training and support to persons with disabilities in response to their needs, assisting them in developing their potential, enabling them to continue to live independently at home and preparing them for full integration into the community. These services also aim at strengthening the carers' caring capacity and relieving their stress so as to provide a better quality of life for persons with disabilities and themselves.

थप जानकारी वा माथिका सेवाहरू आवश्यक हुने व्यक्ति वा परिवारहरूले चिकित्सकीय सामाजिक सेवाहरूको एकाइ (अस्पतालहरूमा सेवाहरू प्राप्त गरिरहनुभएको छ भने) वा नजिकैको एकीकृत परिवार सेवा केन्द्र (IFSC) मा सम्पर्क ग सक्नुहुन्छ। IFSC सूची र सम्पर्कहरूको जानकारी तलको ठेगानामा उपलब्ध छन्:

Individuals or families requiring further information or in need of the above services can approach the Medical Social Services Unit (if receiving services in hospitals) or nearby Integrated Family Service Centre (IFSC). Information on the list of IFSC and contacts are available from:

| | |
|---|---|
| सामाजिक कल्याण विभाग हटलाइन (24 घण्टा)<br>Social Welfare Department Hotline (24 hours) | 2343 2255 |
| फ्याक्स सोधपूछ नम्बर<br>Fax Enquiry Number | 2763 5874 |
| IFSC मा वेबसाइट जानकारी हातेपर्चा<br>Website Information leaflet on IFSC | http://www.swd.gov.hk |

सामाजिक कल्याण विभाग
नेभेम्बर 2021

Social Welfare Department
November 2021